गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**मिति २०८१।११।१८ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व. २०८१/०८२ को नवौं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाको डिजिटल नगर प्रोफाईल निर्माणको लागि स्थानीय विषय विज्ञ एवं सरोकारवालाहरुको छलफल तथा अन्तरक्रियाबाट प्राप्त राय,सुझावका आधारमा बजेटको सुनिश्चिता समेत भएकोले चालु आर्थिक वर्षमा नगर प्रोफाइलको प्रणाली व्यवस्थापन सहित वडा नं. १ देखि तथ्यांक प्रविष्टि गर्ने गरी प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २** गैंडाकोट नगरपालिकाको आ.व. २०८१/०८२ को सार्वजनिक सुनुवाई कार्यक्रम यहि मिति २०८१ चैत्र १५ गते शुक्रबारका दिन विहान ११.०० बजे नगर कार्यपालिकाको कार्यालय परिसरमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** मौलाकालिका केवलकार सञ्चालन समितिबाट गैंडाकोट नगरपालिका वडा नं.१ स्थित प्रसिद्ध मौलाकालिका मन्दिरको परिसर नजिक रहेको हाल कायम रहेको केवलकार स्टेशनबाट चितवन जिल्लामा रहेको प्रसिद्ध धार्मिक तिर्थ स्थल देवघाटबाट केवलकार सञ्चालन गर्न अनुमति मागको लागि प्राप्त निवेदनका सन्दर्भमा सो योजनासंग सम्बन्धित EIA/IEE सम्बन्धित निकायबाट स्वीकृत भएको प्रमाण,सो योजनासंग सम्बन्धित भई कार्यक्षेत्र रहेका स्थानीय सामुदायिक वन एवं धार्मिक वनहरुबाट सञ्चालनको अनुमतिको निर्णय प्रति सहितको सिफारिस, जिल्ला डिभिजन वन कार्यालय,कावासोती,नवलपरासी (ब.सु.पू.)ले सञ्चालन अनुमतिको लागि दिएको पत्र साथै आधिकारीक निकायबाट स्वीकृत प्राप्त भएको प्रमाण पेश भए पश्चात नगरपालिकाले विज्ञहरुको राय सल्लाहको आधारमा प्रक्रिया बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४** यस गैंडाकोट नगरपालिका,नगर कार्यपालिका कार्यालयले चालु आ.ब. २०८१/०८२ को लागि नगर क्षेत्र भित्रका खोलानाला/ नदिहरुका ढुङ्गा, गिट्टी वालुवा तथा रोडाको उत्खनन् तथा संकलन कार्यसञ्चालन दिगो रुपमा बन्दोबस्त गर्न तयार गरेका तपसिलका स्थान/घाटहरुको मिति २०८१/१०/२१ को आठौं नगर कार्यपालिका बैठकबाट स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिबेदन, नदिजन्य पदार्थ, साधारण निर्माणमुखी पदार्थ बिक्रि निदेशक समितिको मिति २०८१/११/१३ को सिफारिस, सङ्घीय सरकारबाट जारी भएको" ढुंगा, गिट्टी, बालुवा बिक्रि तथा व्यबस्थापन सम्बन्धी मापदण्ड-२०७७", तथा गण्डकी प्रदेश सरकारको आर्थिक ऐन-२०८१ बमोजिम उल्लेखित स्थान/घाटका तपसिलको बिवरण अनुसार आन्तरिक आय सम्बन्धी ठेक्का ब्यबस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिल:**

| क्र.स. | घाटको नाम | वडा नं. | घ. मि. | कायम हुने न्युनतम राजस्व रकम (रु.), कर बाहेक |
|---|---|---|---|---|
| १. | जैनटार थुम्सी | ९ | ८०,४३०.०० | २,५५,७६,७४०.०० |
| २. | बिश्नेघाट मासु फ्याक्ट्री | ७ | ७८,९८०.०० | २,४८,६१,२४०.०० |

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ५** गैंडाकोट नगरपालिका अन्तर्गत विभिन्न वडामा बसोवास भएका हाल क्यान्सर जन्य रोगको उपचार गराइरहेका देहाय बमोजिमका व्यक्तिहरुलाई अस्पतालको कागजात र वडाको सिफारिस साथै व्यक्तिगत निवेदनका आधारमा तपसिल बमोजिम औषधी उपचारका लागि आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | ठेगाना | आर्थिक सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | विपिन के.सी. | गैंडाकोट ८ | ५० हजार | |
| २ | भगवती अर्याल | गैंडाकोट ६ | २ लाख | |
| ३ | गोविन्दराज विनोदी | गैंडाकोट ८ | २ लाख | |

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका वडा नं ८ र ९ मा अवस्थित ढवाह ताल संरक्षणका लागि उक्त क्षेत्रबाट माटो निकाल्नु पर्ने भएकाले प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गरी आवश्यक प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७** गैंडाकोट नगरपालिका वडा नं. १७ को सत्य नारायणी हरियाली पिकनिक स्पोर्ट निर्माण सम्बन्धी योजना र वडा नं १६ को अमरापुरी स्वास्थ्य चौकी स्तरोन्नति सम्बन्धी योजना उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरीयो ।

**निर्णय नं. ८** मिति २०८० माघ २६ गते बसेको नगर कार्यपालिकाको आर्थिक वर्ष २०८०/०८१ को १० औं बैठकको निर्णयानुसार छनौट भएको वडा नं. ७ को कि. नं. १ को नेपाल सरकारको नाममा दर्ता कायम रहेको जग्गाको पश्चिम तर्फबाट १० विघा जग्गामा स्थायी प्रकृतिको फोहोर ब्यबस्थापनको लागि **वैज्ञानिक तथा आधुनिक प्रसोधन केन्द्र , पार्क एवं अध्ययन केन्द्र** निर्माणका लागि गैंडाकोट नगरपालिकाले " **सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९** " बमोजिम उपयोगको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं.९** यस गैंडाकोट नगरपालिका,नगर कार्यपालिका कार्यालयले चालु आ.ब. २०८१/०८२ को लागि नगर क्षेत्र भित्रका निजि जग्गाहरुबाट माटो उत्खनन् तथा संकलन कार्य गर्न Narayani Training and Engineering Pvt. Ltd. गैंडाकोट ०१, नवलपरासी( ब.सु.पू.) द्वारा तयार गरिएको तपशिलका निजि जग्गाहरुको संक्षिप्त वातावरणिय अध्ययन प्रतिबेदनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क्र.सं. | स्थान | जग्गा धनीको नाम | स्थान |
|---|---|---|---|
| १ | साविक कोटथर ६ ( कि. नं. २९२) | कर्णमाया सारु मगर | गैंडाकोट-१८ |
| २ | साविक कोटथर ९ ( कि.नं. ७८६ लगायत ) | दिलबहादुर मगर समेतको | गैंडाकोट-३ |
| ३ | साविक बेल्डीहा २ घ (कि. नं. ६९ समेत ) | अमप्रिता राम्जाली मगर समेतको | गैंडाकोट-३ |
| ४ | साविक गैंडाकोट ३ च ( कि. नं. ७) | सम्सेर बहादुर गुरुङ | गैंडाकोट-३ |
| ५ | साविक कोटथर ६ ( कि.नं. २९१ ) | भिम बहादुर सारु मगर | गैंडाकोट-१८ |
| ६ | साविक गैंडाकोट ३ ङ ( कि. नं. ५ समेत ) | छबिलाल चितौरैको समेत | गैंडाकोट-३ |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं. १०** गैंडाकोट नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८१/११/१२ को बैठकबाट भएको सिफारिसका आधारमा विद्यालय/शिशु स्याहार केन्द्रबाट नयाँ स्थापना, कक्षा थप तथा विषय थप माग सम्बन्धमा गैंडाकोट नगरपालिकामा विद्यालय सञ्चालन, व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यविधि २०७५ अनुसार समयमै निवेदन पेश गर्ने विद्यालयहरुलाई नियमानुसार र म्याद नाघी आएकाको हकमा दोब्बर दस्तुर लिएर निवदेन स्वीकृत गरी देहाय अनुसार अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र. सं | विद्यालयको नाम / संस्थाको नाम | हाल संचालन भैरहेको कक्षा | माग भएको नयाँ /थप कक्षा / विषय | कैफियत |
|---|---|---|---|---|
| १ | जनता माध्यमिक विद्यालय गैंडाकोट १२ | कक्षा १- १२ | कक्षा ११ मा होटल म्यानेजमेन्ट | अनुमति |
| २ | स्माल हार्ट एकेडेमी गैंडाकोट- ४ | कक्षा १- ९ | कक्षा १० | अनुमति |
| ६ | फस्ट स्टेप मन्टेश्वरी (प्रस्तावित) गैंडाकोट-५ | नयाँ | मन्टेश्वरी/शिशुस्याहार केन्द्र | अनुमति |
| ७ | मौलाकालिका संस्कृत विद्यापिठ गैंडाकोट-१ | कक्षा ६-९ | कक्षा -१० | अनुमति |
| ८ | श्री योगी नरहरीनाथ अध्यात्म विज्ञान गीतापाठशाला | कक्षा ६-८ | कक्षा -९ | अनुमति |
| ९ | बाल उदय आवि | कक्षा ४ | कक्षा ५ | अनुमति |
| १० | जनक मावि | कक्षा १- १२ | कक्षा १२ मा होटल म्यानेजमेन्ट | अनुमति |
| ११ | रत्न राज्यलक्ष्मी मावि | कक्षा १- १२ | कक्षा १२ मा होटल म्यानेजमेन्ट | अनुमति |
| १२ | गैडाकोट इङ्गलिस् स्कूल | कक्षा १- १२ | कक्षामा ११ विज्ञान | अनुमति |

**निर्णय नं. ११** गैंडाकोट नगरपालिका वडा नं. ५ मा अवस्थित गैंडाकोट आधारभूत अस्पतालबाट प्रवाह भैरहेको सेवालाई अझ बढी सहज र सरल बनाउनका लागि भवन प्रयाप्त नभएकाले हाल सेवा संचालन भईरहेको भवनमा तला थप गर्न संघीय एवं प्रदेश सरकार समक्ष रकम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** विविध खर्च खाता र प्रकोप व्यवस्थापन कोषबाट हाललाई सापटी स्वरूप तलब भत्ता र श्रोत अपुग भई भुक्तानी हुन बाँकी रहेका योजनाहरुको लागि रु. २ करोड सम्मको सिमा भित्र रही भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १३** गैंडाकोट नगर क्षेत्र भित्रका व्यक्तिका निजी नम्बरी र आवादी जगाहरुका ढुंगा तथा माटो हटाई गरा सम्माउने घडेरी बनाउने कार्यका लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय परीक्षणका आधारमा नियमानुसार लाग्ने राजश्व लिई २०८२ जेष्ठ मसान्त सम्म अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** सामुदायिक / धार्मिक विद्यालय बाहेकका अन्य विद्यालयहरुबाट कक्षा ४-८ सम्मको स्थानीय पाठ्यपुस्तकको माग भई आएमा पुस्तक निर्माण गर्दाको लागत अनुसार कक्षा ४-८ को पुस्तकको लागि प्रति पुस्तक रु. १२५ को रसिद काटी विक्री गर्न कार्यालयलाई अनुमति दिने निर्णय गरियो ।

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. १५** गैंडाकोट नगरपालिकाको शिक्षा ऐन, २०७९ तथा विद्यालय संरचना व्यवस्थापन तथा शैक्षिक सुधार कार्यदल, २०८१ ले पश गरेका सुझाव कार्यान्वयनका लागि समेत आवश्यक नियम/कार्यविधि / कार्यक्रम निर्माण गरी मस्यौदा पेश गर्न देहाय बमोजिमको एक नगर स्तरीय कार्यदल गठन गर्ने निर्णय गरियो ।

क) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख डा. बालकृष्ण चापागाई - संयोजक
ख) शिक्षा समितिका सदस्य श्री चुडामणी शर्मा - सदस्य
ग) कार्यपालिका सदस्य श्री मधुकर मल्ल - सदस्य
घ) कार्यपालिका सदस्य श्री रत्न प्रसाद सापकोटा - सदस्य
ङ) विधायन समिति सदस्य श्री ज्ञान प्रसाद खनाल - सदस्य
च) सामुदायिक विद्यालय शिक्षक/प्र.अ श्री दुर्गादत्त सापकोटा - सदस्य
छ) सामुदायिक विद्यालय शिक्षक/प्र.अ श्री सूर्यनाथ तिवारी - सदस्य
ज) सामुदायिक विद्यालय शिक्षक श्री कमला ढकाल - सदस्य
झ) निजि विद्यालय / धार्मिक विद्यालयको तर्फबाट श्री हिरालाल अर्याल - सदस्य
ञ) विद्यालय व्यवस्थापन समिति अध्यक्ष/सदस्य तर्फबाट श्री प्रजापति कँडेल - सदस्य
ट) युवाहरुको प्रतिनिधित्वको तर्फबाट श्री प्रकाश अधिकारी - सदस्य
ठ) शिक्षाविद मध्येबाट श्री गोपाल भण्डारी - सदस्य
ड) निवृत्त मा.वि. शिक्षक मध्येबाट श्री कमल सुवेदी - सदस्य
ढ) निवृत्त मा.वि. शिक्षक मध्येबाट श्री बन्धु कोइराला - सदस्य
ण) अन्य क्षेत्र बाट समाबेशी प्रतिनिधित्व श्री मेघ बहादुर कुमाल - सदस्य

**निर्णय नं. १६** गैंडाकोट नगरपालिका शिक्षा ऐन, २०७९ को दफा ११ बमोजिम बिद्यालय शिक्षाको गुणस्तर परिक्षण तथा प्रबर्द्धन गर्न देहाय अनुसारको शैक्षिक गुणस्तर निर्धारण तथा प्रबर्द्धन समिति गठन गर्ने निर्णय ।

क) शिक्षा समितिको अध्यक्ष - अध्यक्ष
ख) शिक्षा समितिले तोकेको विषय विज्ञ श्री दशरथ तिवारी - सदस्य
ग) शिक्षा समितिले तोकेको विषय विज्ञ श्री कमल सुवेदी - सदस्य
घ) शिक्षा समितिले छनौट गरेको शिक्षाविद् श्री दोलराज पाण्डे - सदस्य
ङ) नगर शिक्षा अधिकारी - सदस्य सचिव

**निर्णय नं. १७** संघीय र प्रादेशिक सरकारसंग बजेट माग गर्नका लागि नगर क्षेत्र भित्र रहेका सम्भावित पार्कहरुको डिजाइन एवं नगरपालिका भित्रका जलाधार क्षेत्रको पहिचान, प्राथमिकीकरण एवं संबेदनशील जलाधारहरुको व्यवस्थापन योजना तर्जुमा र नगरपालिकाको राजश्व सुधार कार्ययोजना निर्माण गर्ने र सोको लागि आवश्यक पर्ने बजेट नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १८** गैंडाकोट नगरपालिका वडा नं ११ मा अवस्थित निर्माणाधिन १५ शैयाको नगर अस्पतालको DPR Review गर्ने सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाण्डौंको मिति २०८१।१०।०९ गतेको च.नं.१०४३ को पत्रानुसार "स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका, २०७३" तथा अन्य मानक मादण्डहरु र राष्ट्रिय भवन आचार संहिताको अधिनमा रही पालिकाले प्राविधिकको सिफारिसका आधारमा कार्यपालिकाबाट नै DPR Review गर्न सक्ने व्यवस्था भए बमोजिम सो कार्य गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. १९** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| १३ | कृषि हाट बजार व्यवस्थापन | रु.५,५०,०००/- | साविक मुकुन्दपुर अन्तर्गतको फूलबारी टोलको बाटो स्तरोउन्नती | रु.४,५५,०००/- |

**निर्णय नं. २०** सडक बोर्डबाट यस गैंडाकोट नगरपालिकालाई प्राप्त बजेटबाट स्थानीय सडक मर्मत संभार कार्य गर्न आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत गैंडाकोट नगरपालिका भित्रका सडक मर्मत संभार कार्यलाई वडा अन्तर्गत बजेट विनियोजन गरी वडागत रुपमा छुट्टाछुटै खण्ड बनाई कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २१** गैंडाकोट आधारभुत अस्पतालको पूर्व र पश्चिम तर्फको परिसरमा सम्माउने प्रयोजनको लागि आवश्यक पर्ने ग्रावेल IEE भएको स्थानबाट व्यवस्थापनको लागि स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२** गैंडाकोट नगरपालिकाको मिति २०८१।१०।०४ गते सम्पन्न १६ औं नगर सभाको निर्णय नं.९ बमोजिम विभिन्न वडा समितिबाट सिफारिस भई आएका एवं नगर भित्रका विभिन्न संघ संस्थाहरुबाट बजेट माग भई आएका योजना एवं कार्यक्रमहरुलाई आवश्यकता र औचित्यका आधारमा नगर प्रमुखस्तरीय निर्णयद्वारा हाललाई रु. १ करोड ६० लाख रुपैया आकस्मिक तथा अन्य भैपरी आउने पूँजीगत शिर्षक, अन्य सार्वजनिक निर्माण, अन्य संस्था सहायता, अन्य सामाजिक सहायता र लागत सहभागीताका योजना शिर्षकबाट खर्च लेख्ने गरी बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३** हाल निर्माणाधीन अवस्थामा रहेको नारायणगढ-बुटवल सडक योजना (पुर्वी खण्ड) को गैंडाकोट नगरपालिका वडा नं. ७ क्षेत्रमा सडकको पानि समेत सिंचाईको कुलोमा मिसिने गरी नाला निर्माण भएको देखिएको र गैंडाकोट वडा नं १-९ सम्मको भूभागमा वर्षाको समयमा भल निकासमा सधैजसो समस्या आइरहने हुँदा हाल निर्मित संरचनाले गैंडाकोट वडा नं. ७ को अधिकांश भूभाग डुवान हुने देखिएकाले उत्पन्न हुनसक्ने समस्या समाधानका लागि उक्त नालालाई जयश्री खोला सम्म पुर्याउने व्यवस्था मिलाउन सम्बन्धीत आयोजनालाई पत्राचार गर्ने निर्णय गरियो ।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख